स्थानीय सरकार
LOCAL GOVERNMENT
सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना, रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No.प्र.२०८३/०८४
च.नं./Dispatch No.४३६

मितिः२०८३/०७/२७

विषयः विद्यालयको जग्गा व्यवस्थापन सम्बन्धमा।

श्री प्रधानाध्यापक ज्यू,
सामुदायिक विद्यालयहरू र धार्मिक विद्यालयहरु (मदरसा) सबै,
सम्मरीमाई गाउँपालिका, रुपन्देही।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागको प.सं. २०८३/०८४ (शैक्षिक सूचना व्यवस्थापन शाखा) च.नं. ०९ मिति २०८३/०७/२० गतेको प्राप्त विद्यालयको जग्गा व्यवस्थापन सम्बन्धी पत्रानुसार सम्पूर्ण सामुदायिक विद्यालयहरूले चर्चेको जग्गा व्यवस्थापन कार्यलाई अभियानकै रुपमा सम्पन्न गर्नका लागि विद्यालयको नाममा जग्गाधनी प्रमाणपत्र रहेको, सरकारी जग्गा भोगचलनको कागज भएको, सरकारी जग्गा भोगचलनको कागज नभएको, सार्वजनिक तथा सामुदायिक निस्सा भएको, भाडामा लिएको/दिएको, ऐलानी वा प्रति जग्गा, अन्य किसिमको जग्गा लगायतका सम्पूर्ण जग्गा सम्बन्धी विवरण अद्यावधिक गर्न सोका लागि आवश्यक सहजीकरण गर्ने र विद्यालयको जग्गा सम्बन्धी विषयहरू दीर्घकालीन रुपमा समाधान गर्न सरोकारवाला पदाधिकारी, निकाय, संस्था, व्यक्तिसँग आवश्यक समन्वय र सहजीकरण गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालयबाट प्रविष्ट गर्न लगाई सोको व्यवस्थापनका लागि गर्नुपर्ने उपायसमेत यकिन गरी सोबाट प्राप्त प्रतिवेदन विद्यालयबाट प्रमाणित गरी पठाउनु पर्ने भएको हुँदा पत्र प्राप्त मिति देखि एक महिना भित्र प्रमाणित प्रतिवेदन यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनुहुन अनुरोध छ।

विद्यालयले इमिसमा प्रविष्ट गर्ने तरिका:

१. **IEMIS login** गरी **School Profile** को **Management & Others** को "जग्गाको विवरण उल्लेख गर्नुहोस्" मा जानुहोस्।
२. जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाधनी प्रमाण पत्र वा कानुनी डकुमेन्टको विवरण भर्दै जाने। यदि विद्यालयले एक भन्दा वढी कित्ता चर्चेको भए **Action** को + बटनमा गइ थप गर्दै जाने।
३. प्रतिवेदनका लागि **Reports** को **School Related** भित्रको **Land Report** बाट प्राप्त गर्ने।

नरेन्द्र [illegible] २०८३/०७/२७
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

(शैक्षिक सूचना व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर

पत्र संख्या: २०८३/०८४
चलानी नं. १९

मितिः२०८३।०७।२०

विषय: विद्यालयको जग्गा व्यवस्थापन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ, सबै ।

प्रस्तुत विषयमा तहाँ अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूले चर्चेको जग्गा व्यवस्थापनकार्यलाई अभियानकै रुपमा सम्पन्न गर्नका लागि विद्यालयको नाममा जग्गाधनी प्रमाणपत्र रहेको, सरकारी जग्गा भोगचलनको कागज भएको, सरकारी जग्गा भोगचलनको कागज नभएको, सार्वजनिक तथा सामुदायिक निस्सा भएको, भाडामा लिएको/दिएको, ऐलानी वा प्रति जग्गा, अन्य किसिमको जग्गा लगायतका सम्पूर्ण जग्गा सम्बन्धी विवरण अद्यावधिक गर्न सोका लागि आवश्यक सहजीकरण गर्ने र विद्यालयको जग्गा सम्बन्धी विषयहरू दीर्घकालीन रुपमा समाधान गर्न सरोकारवाला पदाधिकारी, निकाय, संस्था, व्यक्तिसँग आवश्यक समन्वय र सहजीकरण गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालयबाट प्रविष्ट गर्न लगाई सोको व्यवस्थापनका लागि गर्नुपर्ने उपायसमेत यकिन गरी सोबाट प्राप्त प्रतिवेदन विद्यालयबाट प्रमाणित गरी दुई महिना भित्र जिल्लाको एकमुष्ट प्रमाणित प्रतिवेदन पठाउनुहुन मिति २०८३।०७।२० को यस विभागको निर्णयानुसार अनुरोध छ ।

<u>विद्यालयले इमिसमा प्रविष्ट गर्ने तरिका:</u>

१. IEMIS login गरी School Profile को Management & Others को "जग्गाको विवरण उल्लेख गर्नुहोस्" मा जानुहोस् ।

२. जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाधनी प्रमाण पत्र वा कानुनी डकुमेन्टको विवरण भर्दै जाने । यदि विद्यालयले एक भन्दा बढी कित्ता चर्चेको भए Action को + बटनमा गइ थप गर्दै जाने ।

३. प्रतिवेदनका लागि Reports को School Related भित्रको Land Report बाट प्राप्त गर्ने ।

शुसिल पौडेल
(तथ्याङ्क अधिकृत)

<u>बोधार्थ:</u>
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्थानीय तह सबै – समन्वय र सहजीकरणका लागि ।
श्री सामुदायिक विद्यालय, सबै – तोकिएको समयभित्र पत्रानुसारको कार्य अनिवार्यरुपमा सम्पादन गर्नुहुन् ।

CamScanner